# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सायल गाउँपालिका

## डोटी





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सायल गाउँपालिका

## डोटी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सायल गाउँपालिका

## डोटी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५३५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सायल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
डोटी।

**कैफियत सहितको राय**

हामीले **सायल गाउँपालिकाको** आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ८१ लाख ७९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.७ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड १४ लाख २७ हजार, नियमित गर्नुपर्ने रू.१९ लाख ८१ हजार र पेश्की रू.४० लाख २३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रू.४ करोड ६० लाख ६३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू.९ करोड ४२ लाख ४२ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५५ | २१ | ४८१७९ | ० | ० | ० | ५५ | २१ | ४८१७९ | ७४८ | १९८१ | ४१४२७ | ० | ० | ४३४०८ | ४०२३ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| सायल गाउँपालिका, डोटी | ४६०६३ | ० | ० | ४६०६३ | ० | ४८१७९ | ९४२४२ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सायल गाउँपालिका, डोटी , सायल गाउँपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Nab Raj Sapkota | २०७७-४-१ | २०७८-१२-२५ |
| लेखा प्रमुख | Deepak Karki | २०७७-४-१ | २०७८-४-१७ |
| | | बेरुजु रकम | ४८,१७८,७६६.९९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,८९,१०,००४.२७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,७८,०९,००० | **चालु खर्च** | २१,६७,००,७४५.९८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,६६,९१,८०० | **पूँजीगत खर्च** | १२,४८,८७,६२४.९ |
| **राजश्व बाँडफाँट** | ७,०५,८६,२०२.३७ | **वित्तीय/अन्य व्यवस्था** | १८,५५,७६,८१८.३७ |
| **आन्तरिक आय** | २२,१५,७०३ | | |
| **अन्य आय** | १३,४८,५३,४०४.४५ | | |
| **कुल आय** | ५३,२१,५६,१०९.८२ | **कुल खर्च** | ५२,७१,६५,१८९.२५ |
| **बाँकी मौज्दात** | | ३,३९,००,९२४.८४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृण गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्धेश्यले सायल गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता सहअस्तित्व र समन्वलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्धेश्य हो । सुदूरपश्चिम प्रदेशमा अवस्थित यो पालिका अन्तर्गत १९५५१ जनसंख्या र ६ वटा वडा रहेका छन्। भने १२२।७२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ।यो गाउँपालिकाको सिमाना पूर्वमा खप्तड राष्ट्रिय निकुञ्ज पश्चिममा आदर्श गाउँपालिका उत्तरमा बझाङ जिल्ला तथा दिपायल सिलगढी नगरपालिका र पूर्वीचौकी गाउँपालिकासम्म फैलिएको छ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>सञ्चित कोषको अवस्था<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले पेश गरेको वित्तीय विवरण अनुसार प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानिय सरकार सञ्चालनमा भएका आय व्यय हिसाव (सूत्रबाट प्राप्त वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ ) बमोजिम आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्नानुसार रहेको छ ।
<table>
<tr><td colspan="9">वित्तीय प्रतिवेदन</td></tr>
<tr><td colspan="9">आ.व. : २०७८/७९ अवधी: २०७८/०४/०१ - २०७९/०३/३२ म.ले.प.फा.नं. २७२</td></tr>
<tr><td colspan="9">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४१,०९,६६,४२५</td><td>३४,२५,५५,२४२.४५</td><td>७६,००,०००</td><td>३५,०१,५५,२४२.४५</td><td>३४,८७,५६,२३८.७०</td><td>१,४३,५६,०७३</td><td>३६,३१,१२,३११.७०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४०,६७,१०,००० | ३३,६६,२७,५७३.४५ | ७६,००,००० | ३४,४२,२७,५७३.४५ | ३२,२०,३८,८४२.२० | १,४३,५६,०७३ | ३३,६३,९४,९१५.२० |
| ११००० कर | ११ | ७,४२,५२,००० | ७,०६,६६,७९९.३७ | ० | ७,०६,६६,७९९.३७ | ६,१८,३६,३६७.६५ | ० | ६,१८,३६,३६७.६५ |
| १३००० अनुदान | | ३३,००,३८,००० | २६,३८,२५,६६८.०८ | ७६,००,००० | २७,१४,२५,६६८.०८ | २५,३२,२३,३०१ | १,४३,५६,०७३ | २६,७५,७९,३७४ |
| संघीय सरकार | १२ | ३०,९४,०९,००० | २४,८३,७०,२२७.५८ | ७६,००,००० | २५,५९,७०,२२७.५८ | २३,४४,०१,२८१ | १,४३,५६,०७३ | २४,८७,५७,३५४ |
| प्रदेश सरकार | १२ | २,०६,२९,००० | १,५४,५५,४४०.५० | ० | १,५४,५५,४४०.५० | १,८८,२२,०२० | ० | १,८८,२२,०२० |
| १४००० अन्य राजस्व | | २१,२०,००० | २१,३५,१०६ | ० | २१,३५,१०६ | ६२,९३,७६५.५५ | ० | ६२,९३,७६५.५५ |
| १५००० विविध प्राप्ति | | ३,००,००० | ० | ० | ० | ६,८५,४०८ | ० | ६,८५,४०८ |
| ख. अन्य प्राप्ति | | ४२,५६,४२५ | ५९,२७,६६९ | | ५९,२७,६६९ | २,६७,१७,३९६.५० | | २,६७,१७,३९६.५० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ४२,५६,४२५ | ३२,९०,९३८ | ० | ३२,९०,९३८ | २,६५,२३,१०५.५० | ० | २,६५,२३,१०५.५० |
| धरौटी | | ० | २६,३६,७३१ | ० | २६,३६,७३१ | १,९४,२९१ | ० | १,९४,२९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ४३,८३,४१,८६८.२७ | ३३,६८,३१,२०२.८८ | ७६,००,००० | ३४,४४,३१,२०२.८८ | ३५,१८,४३,८२४ | १,४३,५६,०७३ | ३६,६१,९९,८९७ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४३,४०,८५,४४३.२७ | ३३,३९,८८,३७०.८८ | ७६,००,००० | ३४,१५,८८,३७०.८८ | ३३,५९,२२,८७९.५० | १,४३,५६,०७३ | ३५,०२,७८,९५२.५० | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १०,७९,८१,००० | ९,५२,९९,७३६.५६ | ० | ९,५२,९९,७३६.५६ | ७,७९,८५,४१३ | ० | ७,७९,८५,४१३ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८,६८,२८,००० | ६,८५,००,४२८.९३ | २८,००,००० | ७,१३,००,४२८.९३ | ६,२६,८०,३३३.५० | ५९,७२,६७४ | ६,८६,५३,००७.५० | |
| | | | २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ५०,००० | ५०,००० | ० | ५०,००० | ० | ० | ० | |
| | | | २५००० सहायता (Subsidy) | १८ | २,५१,१८,००० | २,२८,४५,८८१.३० | ० | २,२८,४५,८८१.३० | १,२५,२४,०८१ | ० | १,२५,२४,०८१ | |
| | | | २६००० अनुदान | १८ | २,९०,००० | १,९१,२४२ | ० | १,९१,२४२ | ० | ० | ० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३,८७,७९,००० | २,५०,८४,३१३.१९ | ० | २,५०,८४,३१३.१९ | १,१३,२८,३२० | ० | १,१३,२८,३२० | |
| | | | २८००० अन्य खर्च | १८ | १९,९५,००० | १९,२९,१४४ | ० | १९,२९,१४४ | १६,२९,२३८ | ० | १६,२९,२३८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १७,३०,४४,४४३.२७ | १२,००,८७,६२४.९० | ४८,००,००० | १२,४८,८७,६२४.९० | १६,९७,७५,४९४ | ८३,८३,३९९ | १७,८१,५८,८९३ |
| घ. अन्य भूक्तानी | | ४२,५६,४२५ | २८,४२,८३२ | | २८,४२,८३२ | ३५,१८,४३,८२४ | १,४३,५६,०७३ | ३६,६१,९९,८९७ |
| कोषहरु | | ४२,५६,४२५ | २२,४१,७३९ | ० | २२,४१,७३९ | १,५८,७२,२६९.५० | ० | १,५८,७२,२६९.५० |
| धरौटी | | ० | ६,२३,०१३ | ० | ६,२३,०१३ | ४८,६७५ | ० | ४८,६७५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२१,९२० | | -२१,९२० | | | |
| **ङ. यो वर्षको बचत (न्युन)** | | **(२,७३,७५,४४३.२७)** | **५७,२४,०३९.५७** | | **५७,२४,०३९.५७** | **(३०,८७,५८५.३०)** | | **(३०,८७,५८५.३०)** |
| **च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)** | | | **२,७८,४६,०३४.२७** | | **२,७८,४६,०३४.२७** | **४,१५,६०,३०२.५७** | | **४,१५,६०,३०२.५७** |
| **वर्षान्तको बाकी रकम (ङ + च)** | | **(२,७३,७५,४४३.२७)** | **३,३५,७०,०७३.८४** | | **३,३५,७०,०७३.८४** | **३,८४,७२,७१७.२७** | | **३,८४,७२,७१७.२७** |
| **बैंक तथा नगद बाकी** | **२४** | | **३,३५,७०,०७३.८४** | | **३,३५,७०,०७३.८४** | **३,१३,२३,३१२.२७** | | **३,१३,२३,३१२.२७** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **पालिकाको सूत्रबाट तयार भएको संचितकोषको आय व्यय विवरणमा देहायका व्यहोराहरु देखिएका छन्ः**<br>(क) **प्रणालीको शुरु मौज्दात**: सूत्रले गत वर्षको अन्तिम मौज्दात र यो वर्षको शुरु मौज्दात बरावर देखाएको हुनु पर्दछ ।तर सूत्रले गत बर्षको मौज्दात रु.३,८४,७२,७१७.२७ देखाएकोमा यो वर्षको शुरु मौज्दात रु. २,७८,४६,०३४.२७ देखाएकोले सूत्रले रु. १०६२६६८३ घटी जिम्मेवारी सारेको देखियो ।पालिकाले यसको कारण उल्लेख गरेको छैन । अतः कारण उल्लेख गरी स्पष्ट गरी यसमा सुधार गर्नु पर्दछ ।<br>(ख) **अन्तिम बैंक बांकी मौज्दात** : पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणमा यो वर्षको बांकी बैंक मौज्दात रु.३३९००९२४.८४ रहेकोमा सूत्रले रु. ३३५७००७३.८४ बैंक मौज्दात देखाएकोले रु. ३३०८५१ फरक देखिएकोले सूत्रको वित्तीय प्रतिवेदनले यथार्थ मौज्दात देखाएको देखिएन ।पालिकाले यसको कारण उल्लेख गरेको छैन । अतः फरक पर्नुको कारण स्पष्ट उल्लेख गर्नु पर्दछ ।<br>(घ) **राजश्व** : सूत्र प्रणालीले राजश्व खातामा दाखिला गरेको रकम उल्लेख गरेको देखिएन।<br>(ङ) **आर्थिक विवरणको यथार्थता**: सूत्रले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको हुनु पर्दछ ।तर सूत्र प्रणालीमा कोष तथा लेखा नियन्त्रक कार्यालयको सिग्यास प्रणालीबाट हुने आम्दानी र खर्चका कारोवारहरुलाई सूत्रमा समावेश नगरेको कारणले सूत्रबाट तयार भएको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले पालिकाको यथार्थ अवस्थाको चित्रण गर्न सक्दैन ।अतः पालिकाबाट हुने सवै प्रकारका आर्थिक कारोवारहरुलाई सूत्रमा समावेश गरी यसमा सुधार गर्नु पर्दछ । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा स्थानीय भत्ता कट्टी वापतको रु ६६३४ असुली भई दाखिला भएको छ। | |
| ४ | | | **बित्तीय विवरण** | |
| ४.१ | | | **गत बर्षको जिम्मेवारी घटी सारेको** : स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको बैंक मौज्दात रु. २९१७१४७०.२७ कायम भएकोमा यो बर्ष रु. २८९०००४.२७ जिम्मेवारी सारेकोमा रु. २६२८१४६६ घटी जिम्मेवारी सारेको देखियो । अतः उक्त घटी जिम्मेवारी सारेको सम्वन्धमा एकिन गरी प्रमाण पेश गर्नु पर्ने रु.<br><table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr></table> | २६,२८१,४६६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>४.१.१</td><td>घटी जिम्मेवारी</td><td>२,६२,८१,४६६</td></tr></table></td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>बैक हिसाब मिलान नगरेको: स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको श्रेस्ता अनुसारको मौज्दात भन्दा बैक अनुसारको मौज्दात फरक परी बैंक मौज्दात बढी रु. ६७,७०,८२३.८२ देखिएकोमा बैंक समायोजन विवरण बनाई हिसाव मिलान गर्नुपर्नेमा गरेको देखिएन। अतः पालिकाले बैंक हिसाव मिलान तयार गरी फरक रकम मिलान गर्नु पर्ने देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>कोष/खाता</th><th>श्रेस्ता अनुसार अन्तिम मौज्दात</th><th>वैक अनुसार अन्तिम मौज्दात</th><th>फरक</th></tr>
<tr><td>१</td><td>ग १.१ - आन्तरिक राजस्व खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>२</td><td>ग १.२ - बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>३</td><td>ग १.३ - आन्तरिक अनुदान खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>४</td><td>ग २.१ - चालू खर्च खाता- विजोर वर्ष</td><td>०</td><td>४७,५७,६१८.१७</td><td>(४७,५७,६१८.१७)</td></tr>
<tr><td>५</td><td>ग २.३ - पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>०</td><td>४२,३२,३१५.३१</td><td>(४२,३२,३१५.३१)</td></tr>
<tr><td>६</td><td>ग २.७ - विविध खर्च खाता</td><td>३८,८००</td><td>१,१०,५३०.८०</td><td>(७१,७३०.८०)</td></tr>
<tr><td>७</td><td>ग ३.१ - स्थानीय तह धरौटी खाता</td><td>२,४८,४३०.९०</td><td>२,५२,८५८.६०</td><td>(४,४२७.७०)</td></tr>
<tr><td>८</td><td>ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता</td><td>३०,०१,४६४.५८</td><td>७,०६,१९६.४२</td><td>२२,९५,२६८.१५</td></tr>
<tr><td>९</td><td>ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>६६,११९.९०</td><td>६६,११९.९०</td><td>०</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>३३,५४,८१५.३८</td><td>१,०१,२५,६३९.२१</td><td>(६७,७०,८२३.८२)</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **सम्पत्ति संरक्षण** | |
| ५.१ | | | सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग - सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नराखेको तथा अभिलेख अद्यावधिक गरेको देखिएन । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्डतयार नगरेको, संरक्षण र उपयोग नीति तथा मापदण्डको नभएको र संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको देखिएन । अनुगमन गरी संरक्षण गर्नु पर्दछ । | |
| ५.२ | | | जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको, म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको र अद्यावधिक नभएको, म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको । स्थानीय तह भित्रका सरकारी, एलानी तथा प्रति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत नगरेको, चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश म.ले.प.फारम नं ४१४ स्वीकृत गराई र मर्मत अभिलेख म.ले.प.फारम नं ४१५ मर्मत गराई खर्च लेखेको नदेखिएकोले सो अनुसार हुनु पर्दछ । | |
| ६ | | | **सेवा करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र लकार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । तर पालिकाले विभिन्न पदमा ७० जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.१ करोड ९६ लाख ७१ हजार ७ सय ३७ खर्च लेखेको छ । | |
| ७ | | | **वडा सचिव पदपूर्तिः**<br>पालिका अन्तर्गतका ६ वडा कार्यालबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भुमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। यस पालिकामा वडासचिवको ४ दरबन्दी रिक्त रहेको देखिन्छ ।<br><table><tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>६</td><td>६</td><td>२</td><td>४</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यसप्रकार दरबन्दी बमोजिम कर्मचारी व्यवस्थापन नहुँदा वडामा दैनिक प्रशासनिक कार्यहरु लगायत विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>· स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोबारको अनुसूची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मुल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· सहायक जिन्सी खातामा कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको सवारी तथा अन्य जिन्सी सामाग्रीहरुको सम्बन्धित व्यक्तिले बुझिलिएको दस्तखत गरेको र अवकाश वा सरुवा भएका कर्मचारीले फिर्ता गरेका मालसमान हाल कुन अवस्थामा भएको वा अन्य कुनै कर्मचारीलाई पुनः प्रयोगका लागि बुझाएको भन्ने रेकर्ड व्यवस्थित रुपमा राखेको पाइएन ।<br>· कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सार्वजनिक खरिद नियमावली, २०६४को नियम७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयारगर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>सामाजिक सुरक्षा भत्तावितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा दफा ९बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र<br>• अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको<br>• सामाजिक सुरक्षा वितरण भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>· सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>· वातावरण संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको<br>· सुशासन व्यवस्थापन तथा संचालन नियमावली २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>· निजामति सेवा ऐन २०४९ बमोजिम कार्य विवरण लागु गरेको पाईएन।<br>· विषयगत क्षेत्रमा संचालित हुने कार्यक्रम खर्च बैठक भत्ता भ्रमण भत्ता तालिम गोष्ठी तर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो। (आ। ले। प )<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ९ | | | **कानुन निर्माण एवं कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार पालिकाले हालसम्म | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २६ वटा कानुन निर्माण गरेको छ ।यसप्रकार पालिकाले कानूनहरु निर्माण गरी सभा कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १० | | | **न्याय सम्पादन स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्यायसम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ रहेकोमा यो बर्ष १ गरी कुल २ विवाद दर्ता भएकोमा १ वटा मात्र फछ्यौट भई बाँकी १ भएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| ११ | | | **अनुत्पादक तथा वितरणमुखी खर्चः**<br>सार्वजनिक स्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा खर्च गरेको देखिन्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नका लागि जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुको ध्यान जानु आवश्यक देखिन्छ।केही उदाहरणहरुः | |

| सि।नं। | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | सृजनशील बहुउद्देश्यीय सहकारी संस्था | नारी दिवस मनाउन | २५००० |
| २ | देवी ऐक्रायर मन्दिर विकास समिति | मन्दिर व्यवस्थापन खर्च | ९६३७७ |
| ३ | लगनशील सहकारी संस्था | मसलन्द खरिद | १००००० |
| ४ | अशुद्धाला क्षेत्र विकास समिति | शिवरात्री मेला व्यवस्थापन खर्च | ७०००० |
| ५ | वडा अन्तर्गतका व्यक्तिहरु | तिज विशेष कार्यक्रम संचालन | १०८५०० |
| जम्मा | | | ३९९८७७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>विविध खर्चः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतमा विविधतर्फ मात्र रु ३५ लाख ४४ हजार खर्च गरेको छ । पालिकाले बैठक तथा अन्य क्रियाकलाप सञ्चालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति , कार्यक्रमको पुष्टयाई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम संचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्नेमा पालिकाले बिबिध बैठक तथा कार्यक्रम संचालनार्थ खर्च भएको उल्लेख गरी बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा समितिः<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगमी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगमी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, कार्यक्रमबीच परिपुरकता कायम गरेको समेत नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चः<br>स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आ।ब। २०७८।०७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क।सं।</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४०५५७०००</td><td>३६१४९३६४</td><td>१०।५९</td></tr>
<tr><td>२</td><td>पुर्वाधार विकास</td><td>६४६१०४४३।२७</td><td>४०४९६२४३।१०</td><td>११।८५</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२४२७८२०००</td><td>१९१३२३५३८।६७</td><td>५६।०१</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>संस्थागत विकास सेवा प्रवाह र सुशासन</td><td>८८६४०००</td><td>६८४६८२०</td><td>२।००</td></tr>
<tr><td>५</td><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>७७२७२०००</td><td>६६७७२४०५।११</td><td>१९।५५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४३४०८५४४३।२७</td><td>३४१५८८३७०।८८</td><td></td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी कार्यालय सामाजिक विकास मा ५६।०१ प्रतिशत र सबै भन्दा कम संस्थागत विकास सेवा प्रवाह र सुशासनमा २।०० प्रतिशत खर्च भएको छ ।मध्यकालीन खर्च संरचना तयार गरी दिगो विकासका लक्ष्यहरुको संकेतिकरणको आधारमा बजेट कोडिङको व्यवस्था गरी बजेट व्यवस्थापनलाई सन्तुलित र आवधिक योजना सँग आवद्ध गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
वार्षिक लक्ष्य प्रगतिः<br>
कार्यालयले चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा यस वर्ष सञ्चालन गरेका स्थानीय स्तर जिल्ला स्तरीय तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिम तोकिएको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने कर्मचारीहरुलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><td>कार्यक्रम योजना संख्या</td><td>यस वर्ष खर्च</td><td colspan="5">वार्षिक प्रगति स्थिति</td></tr>
<tr><td></td><td></td><td>शून्य प्रगति</td><td>२५प्रतिशत सम्म प्रगति</td><td>५० प्रतिशत सम्म प्रगति</td><td>७५ प्रतिशत सम्म प्रगति</td><td>७५ प्रतिशत भन्दा माथि</td></tr>
<tr><td>३२४</td><td>१२४८८७६२५</td><td>५९</td><td>८</td><td>१५</td><td>२५</td><td>२१७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>
चौमासिक खर्चको स्थितिः<br>
स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थितिमा कुल बजेट रु
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>४३,४०,८५,४४३ मध्ये रु ३४,१५,८८,३७१ कुल खर्च भई बजेट को ७८।६९ प्रतिशत खर्च भएको देखिन्छ। खर्च मध्ये प्रथम चौमासिकमा १२।०९ प्रतिशत, दोस्रो चौमासिकमा २४।८३ प्रतिशत, तेस्रो चौमासिकमा ६३।०७ प्रतिशत र आषाढ महिनामा ४२।५७ प्रतिशत खर्च भएको देखिन्छ। त्यस्तै कुल पुँजीगत बजेट रु१२,४८,८७,६२५ को आधारमा पुँजीगत कुल खर्च ३६।५६ प्रतिशत, प्रथम चौमासिकमा ०।७८ प्रतिशत, दोस्रो चौमासिकमा २३।६१ प्रतिशत तेस्रो चौमासिकमा ७५।६१ प्रतिशत र आषाढ महिनामा मात्र ४७।९१ प्रतिशत खर्च भएको देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिनुले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारीः<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७८।०३।१० गते रु.४३ करोड ४० लाख ८५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।३१ मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७८।०४।०७ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदानगरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>अनुदान फिर्ता विवरणः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ तथा प्रदेश सरकारबाट स्थानीय तहलाई सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च हुननसकि बचत रहेमा सम्बन्धित संचितकोष फिर्ता गर्नुपर्ने उल्लेख छ। पालिकालाई देहायका शिर्षकहरुमा निम्नानुसार बजेट निकासा प्राप्त भएकोमा पालिकाले लेखापरीक्षण अवधिसम्म रकम फिर्ता पठाएको विवरण देहाय बमोजिम छ
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th></tr>
<tr><td rowspan="3">संघीय सरकार</td><td>शसर्त</td><td>१९८००९०००</td><td>१६११७०८८३</td><td>३६८३८११७</td></tr>
<tr><td>विषेश</td><td>२०७०००००</td><td>१०१७८३२१</td><td>१०५२१६७९</td></tr>
<tr><td>समपुरक</td><td>४६०००००</td><td>१२१०२३</td><td>४४७८९७७</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>३००९०००</td><td>२७८१९१७</td><td>२२७०८३</td></tr>
<tr><td></td><td>विषेश</td><td>५००००००</td><td>४९७९६२०</td><td>२०३८०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>२९४७८००</td><td>१९५८९०३</td><td>९८८८९७</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>आर्थिक सहायताः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानिय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । तर पालिकाले यस वर्ष रु. ९३७००० विनियोजन गरी रु.२,००० देखि २५,००० सम्मका दरले आर्थिक सहायता वापत रु. ९३७००० वितरण गरेका छन् । संघ तथा प्रदेशबाट प्राप्त अनुदान रकमबाट आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>तलबी प्रतिवेदन पारित नभएकोः<br>निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० को मिति २०७६।५।१८ को पत्र अनुसार नेपाल सरकार माननीय मन्त्रिस्तरको निर्णय बमोजिम स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने निर्देशन भएको र कार्यालयले तलवी प्रतिवेदन पास गर्नका लागि कोष तथा लेखा नियन्त्रका कार्यालयमा पेश गरेको भएतापनि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पास गरेको देखिएन । यस वर्ष पालिकाले तलबी प्रतिवेदन पास नगरी वर्षभरीमा गाउँपालिकातर्फ रु.२ करोड १ लाख ३८ हजार पारिश्रमिक वापतको खर्च लेखेको छ। जिम्मेवार निकायले तलबी प्रतिवेदन पास गर्नेतर्फ ध्यान दिनुपर्छ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा पालिकातर्फ र वडा तर्फ गरी ११ जना लोकसेवा बाट पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत, लेखा अधिकृत इन्जिनियर सहित २० पदहरु रिक्त रहेका</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छन् । दरबन्दी बमोजिम कर्मचारी व्यवस्थापन नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २२ | | | **सेवा प्रवाहको स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष घर नक्सा पास १, विवाह दर्ता १८९, जन्म दर्ता १७८५, मृत्यु दर्ता २२४ र वसाईसराई १०५ दर्ता गरेकोमा पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| २३ | | | **ठेक्का र खरिद अभिलेख** | |
| २३.१ | | | **ठेक्का अभिलेख** : ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । पालिकाले उक्त अभिलेख राखेको देखिएन । अत : उक्त अभिलेख राख्नु पर्द। | |
| २३.२ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले नियम बमोजिम ठेक्का फाइल राखेको छैन । अतः यसमा सुधार गर्नु पर्दछ । | |
| २४ | | | **आन्तरिक आय** | |
| २४.१ | | | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले एकीकृत सम्पत्ति कर सम्वन्धि व्यवस्थापन प्रणालि लागू गर्नुपर्नेमा गरेको देखिएन ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।पालिकाले सबै वडाहरुमा नगदी रसिद प्रयोग गरी रु.२२१५७०३।०० आन्तरिक आय आर्जन गरेको देखिन्छ । उक्त वडाहरुले प्रयोग गरेका नगदी रसिद ३६ ठेली (००१-३०००) रसिद नियन्त्रण खातामा पोष्टीङ्ग गरी सम्वन्धित जिम्मेवार कर्मचारीहरुलाई बुझाउनु पर्ने र आ.व को अन्तमा सोही अनुसार पालिकाले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रसिद र रकम हिसाव एकिन गरी फिर्ता लिनुपर्नेमा लिएको देखिएन । अतः प्रयोग भएका सबै रसिद लेखापरीक्षणमा पेश भए नभएको एकिन हुन सकिएन । | |
| २४.२ | | | असुली गरेको राजस्व तोकिए बमोजिम दाखिला गरे नगरेकोः दाखिला गरे तापनि त्यसलाई प्रमाणित गर्ने उचित कागजात नभएको, ढिलो दाखिला गरेको र रकम दूरुपयोगको सम्भाव्य जोखिम रहेको देखिन्छ । अत पालिकाले एकिकृत सम्पति प्रणालि लागू गर्नु पर्दछ । | |
| २५ | | | **सामाजिक सुरक्षा भत्ता** | |
| २५.१ | | | **सामाजिकसुरक्षा भत्ता वितरण–** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम पालिकाले वडा न १ देखि ६ सम्मका व्यवस्थापन सूचना प्रणालीमा(MIS) नाम प्रविष्टि भएका लाभग्राहीको परिचय पत्र जारी गरी नविल बैक मार्फत रु ९२९५३०३६।-सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:<br>**पारदर्शिताः**सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३(घ) बमोजिम पारदर्शिता प्रवद्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभसाइटमा राख्ने व्यवस्था भए पनि पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन ।लाभग्राहीहरुको नाम नगरपालिकाले वेभसाइटमा राख्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २५.२ | | | **रकम देखिने विवरण-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) बमोजिम बैंकले१५ दिनभित्र लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यम (**Reverse Feed** )सहित बाँकी रकम भए सो समेत अनिवार्य रुपमा पठाउनुपर्ने र सोही विवरणलाई भरपाई मानिने व्यवस्था छ । तर बैकले विद्युतिय माध्यमबाट पालिकालाई चौमासिक रुपमा भरपाई पेश गरेको देखिएन ।नविल बैंकले लेखापरीक्षण अवधि २०७९।५।२९ गते सामाजिक सुरक्षा भत्ता वितरण तर्फ आ.व.२०७८।७९ मा कूल रु.९२९५३०३६।०० रकम प्राप्त गरेकोमा रु.९१९७४२१७।०० बैंक मार्फत लाभग्राहिको खातामा जम्मा गरी वितरण गरेको र रु.९७८८१९।०० बाँकी मौज्दात रहेको जानकारी पत्र गाँउपालिकालाई पठाएको देखिन्छ ।कार्यविधिको व्यवस्थानुसार पालिकाले बैंकसंग भत्ता वितरणको विद्युतिय भरपाई अर्थात रिभर्स फीड लिनु पर्दछ ।बैंकले बाँकी देखाएको रकम लाभग्राहीलाई वितरण गर्न बाँकी भए नभएको पालिकाले एकिन गर्नु पर्दछ । | |
| २५.३ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने व्यक्तिले भत्ता | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन लिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२५.४</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यविधि अनुसार खाता खोलेको मिति देखि हालसम्म तथा आर्थिक वर्षको अन्तसम्म एक पटक पनि कारोबार नगर्ने लाभग्राहीको खाताको विवरण तयार गरे नगरेको, स्थानीय तहबाट डमी एकाउन्ट खोलिएको लाभग्राहीबाट केवाईसी अपडेट समेत नभएको खातमा जम्मा भएको रकम तथा जि एल एकाउण्ट बैंकबाट फिर्ता लिई संघीय संचितको दाखिला गरे नगरेको विवरण पालिकाले तयार गर्नुपर्नेमा गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>२५.५</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।अनुगमन तथा निरीक्षण गर्न ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>बिद्यालय अनुदान<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ को दफा ११(च)(छ) र दफा १४ मा कार्यसम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी सामाजिक लेखापरीक्षण गराई दुवै प्रतिवेदन स्थानिय तहमा पेश गर्नु पर्ने व्यवस्था छ ।विद्यालयले लेखापरीक्षण अवधिसम्म पनि उक्त प्रतिवेदन पेश गरेको नदेखीएकोले उक्त प्रतिवेदन पेश गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>गो. भौ.</th><th>कार्यक्रम</th><th>अनुदान विवरण</th><th>रकम</th></tr>
<tr><td>७८।०७९।३।२३</td><td>राष्ट्रपति शैक्षिक सुधार</td><td>भवन निर्माण</td><td>३५०४०००</td></tr>
<tr><td>८९।०७९।३।२५</td><td>प्राविधिक धारको ल्याव व्यवस्थापन</td><td>ICT Lab स्थापना</td><td>१८०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५३०४०००</td></tr>
</table></td><td>५,३०४,०००</td></tr>
<tr><td>२७</td><td>२४५</td><td>२०७९-३-२०</td><td>पोलीहाउस निर्माण कार्य<br>बिल भरपाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम भुक्तानी दिन आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको र भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने, नियम १२३ मा</td><td>६३२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विल भुक्तानी गर्दा नापी कितावमा भएको कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने र नियम ९७ (६) मा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात र कार्य सम्पन्न पश्चात सार्वजनिक परिक्षण गरी बैठकबाट अनुमोदन गराई सम्बन्धित पेश गर्नुपर्ने उल्लेख छ ।कार्यालयले पोलिहाउस निर्माण कार्यक्रम अन्तरगत कठायत एग्रोभेट सेन्टरबाट २० वटा सिलपोलिन रु. ३१६०००।- मा खरिद गरी भुक्तानी गरेकोमा उपभोक्ताको भेलाको माइन्यूट,उपभोक्ता समितिका पदाधिकारीहरुको परिचय प्रमाण, सम्झौता, लागत अनुमान, प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन, वडाको शिफारिस र अनुगमन प्रतिवेदन तथा उक्त सामग्री वुझेको परिचयपत्र , फोन नम्वर सहितको भरपाई लगायतका कागजात प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश गर्नु पर्ने रु. | |
| २८ | | | **वितरणमुखी खरिद**<br>स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानिय तहले स्थानियस्तरको विकासको लागि मध्यकालित तथा दीर्घकालिन योजना बनाई लागू गर्नु पर्ने र उक्त योजना बनाउंदा दिगो बिकासलाई सघाउने, स्थानिय वासिन्दाको जनसहभागिता जुट्ने र स्वयं सेवा परिचालन गर्न सकिने योजनालाई प्राथमिकता दिनु पर्ने व्यवस्था छ ।पालिकाले सो बमोजिम नगरी आर्थिक वर्षको अन्तमा निम्नानुसार बितरणमुखी खरिद गरी पाइप बितरण गरेकोमा सोमा स्थानियको श्रमदान नभएको र उक्त वितरण कार्यले दिगो बिकासलाई सघाउने देखिदैन ।अतः यस प्रकारको वितरणमुखी खरिद कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| गो .भौ .नं. | खरिद विवरण | परिमाण | भुक्तानी रकम |
|---|---|---|---|
| २८५।०७९।३।२४ | २५ एमएम एचडिपिइ पाइप | १६६६ मिटर | ९९९६५ |
| २८४।०७९।३।२४ | ४० एमएम एचडिपिइ पाइप खरिद | १७९० मिटर | १९४१७९ |
| २७६।०७९।३।२३ | २० एमएम, २५ ,३२ ,४० र ६३ एमएम | २२६७ मिटर | २००००० |
| जम्मा | | | ४९४१४४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>**कार्यक्रम** खर्चः स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै अत्याधिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ४ वडाहरुका ४ योजनामा सडक मर्मत, पदमार्ग निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५२२ जनालाई रोजगारी उपलव्ध गराई रु. २१९८९३४९ खर्च गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् :<br><br>**पारिश्रमिक खर्च:** प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५ को दफा ६८ मा यो कार्यक्रम बापत पारिश्रमिकमा आधारित रोजगार आयोजनाका लागि मन्त्रालयबाट प्राप्त रकम पारिश्रमिकमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गर्दा आयोजनामा लाग्ने कामदार, सामग्री सहितको लागत अनुमान तयार गरेकोमा लागत अनुमानमा कामको परिमाण अनुसार लाग्ने जम्मा कामदार दिन संख्या (Man Days) गणना गर्नुपर्ने र जम्मा कामदार दिन संख्याको ज्याला रु. ५७७ को दरले ज्याला बापत कामदारको पारिश्रमिकको लागत अनुमान गर्नुपर्नेमा आयोजनामा लाग्ने कामदार, सामग्री सहितको लागत अनुमान तयार गरी प्राविधिक मूल्यांकन अनुसारको पुरै रकम खर्च लेखेको छ । सो मूल्यांकन रकमले हुन आउने रकम बरावरको कामदारहरुको डोर हाजिर फाराम पेश गरी भुक्तानी गरेको देखियो । अतः यस कार्यक्रमबाट खर्च भुक्तानी गर्दा कामदारको ज्याला मात्र भुक्तानी दिने र निर्माण सामग्री र अन्य खर्च पालिकाले व्यहोर्ने गरी लागत अनुमान बनाई सोही बमोजिम खर्च गर्नु पर्दछ । | |
| ३० | २६ | २०७९ -३-३० | **उपभोक्ता समितिको कार्य**<br><br>**घटीआनुपातिक कट्टी :**२६।०७९।३।३० सार्वजनिक खरिद निमयावली, २०६४ को निमय ९७(४) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा जनसहभागिताको अंश मा कट्टा गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता संझौता अनुसार उल्लेख भएको श्रमदान अनुपात निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा सोही अनुपातमा कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम घटी कट्टी भई उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रु. असूल हुनुपर्ने रु. | ७९,९२८.७ |

| गो भौ नं | उपभोक्ता समितिको नाम | प्राविधिक मूल्यांकन | कट्टा गर्नुपर्ने श्रमदान प्रतिशत | कट्टा गरेको श्रमदान प्रतिशत | नपुग श्रमदान |
|---|---|---|---|---|---|
| २६।०७९।३।३० | तेडी आ.वि.भवन निर्माण | २५८१५२१।४९ | ८.८ | ७.८ | २५२७२।२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३०।०७९।३।३० \| भवानी आ.वि. भवन निर्माण \| २७२८६५७।२८ \| १६.१ \| १२.८ \| ५४६५६।५०<br>जम्मा \| ७९९२८।७० | |
| ३१ | | | **ठेक्का नं ७।०७६।७७ गाउंपालिका प्रशासकीय भवन निर्माण कार्य** | |
| ३१.१ | ४ | २०७९ -३-२३ | ठेक्का नं. ७।०७६।७७ गाउंपालिका प्रशासकिय भवन निर्माण कार्यको मूल्य अभिबृद्धि कर समेत लागत अनुमान रु. ९०८०८४११।८८ को कवोल अंक रु. ७५९५९९०३।५० मा निर्माण व्यवसायी रोयल प्रशंसा जेभी संग २०७९।९।२० सम्म काम सम्पन्न गर्ने गरी २०७७।३।२६ मा सम्झौता भएकोमा चौथो रनिङ विलसम्मको कार्यको रु. ५३४६३०७३।७९ भुक्तानी भएकोमा निम्न व्यहोराहरु देखिएका छन् : | |
| ३१.२ | | | **पेश्की जमानत** :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३)(४)बमोजिम पेश्की जमानतको मान्य अवधि खरिद संझौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नु पर्ने अवधि भन्दा कम्तिमा १ महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ ।निर्माण व्यवसायीले पेश गरेको पेश्की जमानतको म्याद २०७८।३।२४ मै समाप्त भैसकेकोले उक्त पेश्की जमानतको म्याद थप गरी प्रमाण पेश गर्नुपर्ने रु. | २,७४५,१३१ |
| ३१.३ | | | रोयल प्रशंसा जेभीलाई प्रथम रनिङ विल भुक्तानी गर्दा निर्माण व्यवसायी कोष कट्टी बापत रु.12979.83 कट्टी गर्नु पर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु | १२,९७९.८३ |
| ३२ | | | **निर्माण कार्यको बिमा र गुणस्तर परीक्षण** | |
| ३२.१ | | | **निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत गुणस्तर आस्वस्थता योजना Quality Assurance Plan पेश गर्न लगाई गुणस्तर परीक्षण प्रणालीलाई संस्थागत गराउनु पर्ने हुन्छ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न डण्डी, गिटी, वालुवा, ईटा र सिमेण्ट लगायतका निर्माण सामग्रीहरुको प्रयोगशाला परीक्षण गर्नेगराउनेगरेको पाइएन।यसर्थ निर्माण कार्यको गुणस्तर प्रति सुनिश्चित हुन सकिने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न निर्माण सामग्रीहरुको गुणस्तर परिक्षण अनिवार्य रुपमा गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>बिमाः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु. १० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिमा भएको हानी नोक्सानी समेत बेहोर्ने गरी बीमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यको सम्भावित क्षेतीबाट हुन सक्ने नोक्सानीलाई न्यूनिकरण गर्न बिमा गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>रित पूर्वकको कर विजक<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार भुक्तानी दिएकोमा कर बिजक नं. मा हस्त लिखित भएकोले रितपूर्वको कर बिजक पेश गरेको देखिएन । अतः सोको सम्वन्धित बिजक जारी कर्ताबाट मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.</th><th>फर्मको नाम</th><th>कर दर्ता नं.</th><th>भुक्तानी रकम</th><th>मूल्य अभिबृद्धि रकम</th></tr>
<tr><td>३८।०७८।११।१५</td><td>पृथ्वी कंस्ट्रक्सन</td><td>६००१९१४३२</td><td>४९१३६५</td><td>५६५२८.७१</td></tr>
<tr><td>२३।०७८।१०।१७</td><td>पृथ्वी कंस्ट्रक्सन</td><td>६००१९१४३२</td><td>१४९४६८३।६१</td><td>१७१९५४.७५</td></tr>
<tr><td>३७।०७८।११।१५</td><td>पृथ्वी कंस्ट्रक्सन</td><td>६००१९१४३२</td><td>३२५३१६।-</td><td>३७४२५.</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२६५९०८.४६</td></tr>
</table></td><td>२६५,९०८.४६</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>ठेक्का नं. १।०७८।७९ मल्छेडा पर्यटकीय सडक निर्माण कार्य</td><td></td></tr>
<tr><td>३४.१</td><td>१४</td><td>२०७८-११-२५</td><td>ठेक्का नं. १।०७८।७९ भल्छेडा पर्यटकीय सडक निर्माण कार्यको मूल्य अभिबृद्धि कर बाहेक लागत अनुमान रु. ८३३८७३१४६।– मा कवोल रकम रु. ३३५९१२०।१७ मा २०७९।२।३० मा सम्पन्न गर्ने गरी २०७८।११।२५ मा सम्झौता भई पेश्की रु. ६०००००।- भुक्तानी भएकोमा निम्न व्यहोराहरु देखिएका छन्</td><td></td></tr>
<tr><td>३४.२</td><td></td><td></td><td>ठेक्का फाइल: उक्त ठेक्काको ठेक्का फाइल पेश नभएकोले सलागत अनुमान, दरविष्लेषण, बि.ओ.क्यू., संझतौता कार्य सम्पादन जमानत, बिमा सम्वन्धमा एकिन गर्न सकिएन ।अतः उक्त प्रमाणहरु पेश गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३४.३</td><td></td><td></td><td></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **म्याद थप र पूर्व निर्धारित क्षतिपूर्ति**: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र ६३, सो को नियम १२८ तथा खरिद सम्झौतानुसार कामको प्रगति सन्तोषजनक नगरेमा खरिद सम्झौता अन्त्य गरी कार्य सम्पादन जमानी जफत गर्ने, काम पूरा गर्न लाग्ने रकम असुल गर्ने र कालो सूचिमा समेत राख्ने र नियम १२० को प्रक्रिया बमोजिम कारण खुलाई म्याद थप हुने र नियम १२१ मा संझौता बमोजिम काम नभएमा संझौता रकमको प्रति दिन ०.०५ प्रतिशतले हुने प्रतिदिनको दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ ।निर्माण व्यवसायीले संझौता गरेको करिव ६ महिना भईसक्दा पनि निर्माण कार्य शुरु गरेको पाइएन ।कार्यालयले उक्त कार्य गराउन औपचारिक रुपमा पहल कदमी गरेको देखिएन ।उक्त ठेक्काको म्याद सकिएको र म्याद समेत थप गर्न निर्माण व्यवसायीले निवेदन समेत दिएको नदेखिएकोले निजलाई अतः निजलाई कानून बमोजिम जिम्मेवार बनाई संझौताको कार्यान्वयन गर्नु पर्दछ । | |
| ३४.४ | | | **पेश्की जमानत**:सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३)(४)बमोजिम पेश्की जमानतको मान्य अवधि खरिद संझौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नु पर्ने अवधि भन्दा कम्तिमा १ महिना बढी अवधिको हुनु पर्ने, **नियम ११३ मा पेश्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रुपमा उपलव्ध गराउनु पर्ने व्यवस्था रहेको छ । ऐनको दफा ५२क (६) ले पेश्की लिएको रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था छ । उक्त ठेक्काको म्याद २०७९।२।३० मा**सम्झौताको म्याद सकिएको र पेश्की जमानतको म्याद २०७९।२।२२ मा समाप्त भएको र पेश्की लिएको करिव छ महिना हुंदा समेत साईटमा कुनै काम नगरेकोले उक्त पेश्की निजबाट १० प्रतिशत व्याज सहित सरकारी बांकी सरह असुल गरी फछ्र्यौट गर्नुपर्ने रु.६०००००।- | ६००,००० |
| ३५ | | | **ठेक्का नं. ३।०७८।७९ वडा नं. २ को कार्यालय भवन निर्माण कार्य** | |
| ३५.१ | ३ | २०७८-१२-१० | ठेक्का नं. ३।०७८।७९ वडा नं. २ को कार्यालय भवन निर्माण कार्यको कवोल रकम रु. २८४७६८४।८७ मा निर्माण व्यवसायी अनमोल निर्माण सेवासंग २०७९।३।१५ मा सम्पन्न गर्ने गरी २०७८।११।२५ मा सम्झौता भई पेश्की रु. ६०००००।- भुक्तानी भएकोमा निम्न व्यहोराहरु देखिएका छन् | |
| ३५.२ | | | **म्याद थप र पूर्व निर्धारित क्षतिपूर्ति**: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र ६३, सो को नियम १२८ तथा खरिद सम्झौतानुसार कामको प्रगति सन्तोषजनक नगरेमा खरिद सम्झौता अन्त्य गरी कार्य सम्पादन जमानी जफत गर्ने, काम पूरा गर्न लाग्ने रकम असुल गर्ने र कालो सूचिमा समेत राख्ने र नियम १२० को प्रक्रिया बमोजिम कारण खुलाई म्याद थप हुने र नियम १२१ मा संझौता बमोजिम काम नभएमा संझौता रकमको प्रति दिन ०.०५ प्रतिशतले हुने प्रतिदिनको दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ ।निर्माण व्यवसायीले संझौता गरेको करिव ६ महिना भईसक्दा पनि निर्माण कार्य शुरु गरेको पाइएन ।कार्यालयले उक्त कार्य गराउन औपचारिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रुपमा पहल कदमी गरेको देखिएन ।उक्त ठेक्काको म्याद सकिएको र म्याद समेत थप गर्न निर्माण व्यवसायीले निवेदन समेत दिएको नदेखिएकोले निजलाई अतः निजलाई कानून बमोजिमको जिम्मेवार बनाई संझौताको कार्यान्वयन गर्नु पर्दछ । | |
| ३५.३ | | | **पेश्की जमानत**:सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३)(४)बमोजिम पेश्की जमानतको मान्य अवधि खरिद संझौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नु पर्ने अवधि भन्दा कम्तिमा १ महिना बढी अवधिको हुनु पर्ने, नियम ११३ मा पेश्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रुपमा उपलव्ध गराउनु पर्ने व्यवस्था रहेको छ । ऐनको दफा ५२क (६) ले पेश्की लिएको रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था छ । उक्त ठेक्काको म्याद २०७९।३।१५ मा सम्झौताको म्याद सकिएको र पेश्की जमानतको म्याद २०७९।२।२३ मा समाप्त भएको र पेश्की लिएको करिव छ महिना हुंदा समेत साईटमा कुनै काम नगरेकोले उक्त पेश्की निजबाट १० प्रतिशत व्याज असुल गरी फछ्र्यौट गर्नुपर्ने रु.६०००००।- | ६००,००० |
| ३५.४ | | | **ठेक्का फाइल**: उक्त ठेक्काको ठेक्का फाइल पेश नभएकोले सलागत अनुमान, दरविष्लेषण, बि.ओ.क्यू., संझौता, बिमा सम्वन्धमा एकिन गर्न सकिएन ।अतः उक्त प्रमाणहरु पेश गर्नु पर्दछ । | |
| ३६ | ६९ | २०७८-१२-१० | **ठेक्का नं. ६।०७८।७९ एक्साभेटर मर्मत कार्य**<br>ठेक्का नं. ६।०७८।७९ एक्साभेटर मर्मत कार्यको लागत अनुमान मूल्य अभिवृद्धि कर समेत रु. ५६४४३४७।६३ मा कवोल रकम रु. ५५०७४१६।६० मा मनाकामना हेभी इक्यूपमेन्ट प्रा.लि. संग मर्मत कार्य गर्न २०७८।११।५ मा सम्झौता भई रु.५५०७४१६।६० भुक्तानी भएकोमा निम्न व्यहोराहरु देखिएका छन्:<br><br>**लागत अनुमान**: उक्त एक्साभेटर मर्मत कार्यको लागत अनुमान परामर्शदाता मार्फत गराएकोमा निजले रु. ५६४४३८७।६३ कुल लागत अनुमान पेश गरेकोमा Cabin assembly with accessories1 set को मात्र मूल्य अभिबृद्धि कर बाहेक रु. ४३५००००।– उल्लेख गरेकोमा सो सेट भित्र कुन कुन सामानहरु पर्दछन् र दर विष्लेषणको आधार के हो सोको विस्तृत विवरण नखुलाएकोले यस सम्वन्धमा आश्वस्त हुन नसकिएकोले एकिन गर्न सकिएन ।<br><br>**क्षेतिको प्रमाण**: २०७६।११।७ को राति आगलागी भई क्षति भएको भनिएको उक्त एक्साभेटरको क्षतिको विवरण सहितको सरजमिन मुचुल्का सहितको प्रहरी प्रतिवेदन पेश नभएकोले क्षेतिको सम्वन्धमा एकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **बिमाबाट प्राप्त हुने क्षेतिपूर्ति :** कार्यालयको नाममा रहेको सवै सवारी साधनहरुको हरेक वर्ष बिमा गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले उक्त एक्साभेटरको बिमा गरे नगरेको, क्षतिपूर्तिको लागि पहल गरे नगरेको, प्राप्त हुनुपर्ने क्षतिपूर्ति रकम प्राप्त भए नभएको सम्वन्धमा लेखापरीक्षणमा कुनै प्रमाण पेश नभएकोले एकिन गर्न सकिएन ।<br><br>**सम्झौता कार्यन्वयन:** सम्झौताको बुंदा नं. १० मा दोश्रो पक्षले मर्मत सम्भार पश्चात मेकानिकल इन्जिनियरबाट चेक जांच तथा परिक्षण गरीएको प्रतिवेदन तयार गरी पेश गर्नु पर्ने र बुंदा ११ मा दोश्रो पक्षले पेश गरेको प्रतिवेदनमा कार्यालयले सरकारी मेकानिकलबाट रुजु गर्न सक्ने व्यवस्था भएकोमा उक्त प्रतिवेदन पेश गरेको र कार्यालयले मेकानिकल इन्जिनियरबाट रुजु गरेको देखिएन देखिएन । अत : संझौताको पालना गर्नु पर्दछ । | |
| ३७ | | | **ठेक्का नं.१।०८८।८९ हिमालय आ.बि. को भवन निर्माण कार्य** | |
| ३७.१ | ५२ | २०७९ -३-१ | **ठेक्का नं.१।०७८।७९** हिमालय आ.बि. को भवन निर्माण कार्य बापत निर्माण व्यवसायी भैरवशक्ति निर्माण सेवा प्रा.लि. संग रु. ३५८७०९९।८९ मा २०७९।३।२० सम्म कार्य सम्पन्न गर्ने गरी २०७८।११।८ मा संझौता भई रु.२२९०९९७।- भुक्तानी भएकोमा निम्न व्यहोरा देखिएका छन् : | |
| ३७.२ | | | **ठेक्का फाइल :** उक्त ठेक्काको ठेक्का फाइल पेश नभएकोले लागत अनुमान, दरविष्लेषण, बि.ओ.क्यू., पेश्की जमानत, बिमा, गुणस्तर परीक्षण सम्वन्धमा एकिन गर्न सकिएन ।अतः उक्त प्रमाणहरु पेश गर्नु पर्दछ । | |
| ३७.३ | | | **पेश्की जमानत :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३)(४)बमोजिम पेश्की जमानतको मान्य अवधि खरिद संझौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नु पर्ने अवधि भन्दा कम्तिमा १ महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । उक्त ठेक्काको म्याद २०७९।३।२० मासम्झौताको म्याद सकिएको र सोको पेश्की जमानत पेश नभएकोले उक्त पेश्की असुल फछ्र्यौट गर्नुपर्ने रु. ३५८०००।– | ३५८,००० |
| ३७.४ | | | **अधुरो कार्य :** उक्त कार्यको म्याद यस वर्ष समाप्त भएको र आगामी वर्षमा बजेट व्यवस्था नभएकोले निर्माण कार्य अधुरो रहेको देखियो ।अतः कार्यालयले बजेट व्यवस्था गरी संझौता अनुसारको कार्य सम्पन्न गर्नु पर्दछ । | |
| ३८ | | | **ठेक्का नं. ५।०७७।७८ १० शैया हस्पिटल भवन निर्माण कार्य** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८.१</td><td>१</td><td>२०७८-११-३०</td><td>ठेक्का नं. ५।०७७।७८ १० शैया हस्पिटल भवन निर्माण कार्यको मूल्य अभिबृद्धि कर समेत लागत अनुमान रु. ९५१०३२१६।७९ को कबोल अंक रु. ८४६३४३४७।८२ मा निर्माण व्यवसायी टिडिआर कन्स्ट्रक्सन प्रा.लि. संग २०८१।४।३० सम्म काम सम्पन्न गर्ने गरी २०७८।४।३० मा सम्झौता भएकोमा प्रथम किस्ता पेश्की रु. ८४०००००।- भुक्तानी भएकोमा निम्न व्यहोराहरु देखिएका छन् ः</td><td></td></tr>
<tr><td>३८.२</td><td></td><td></td><td>साइट विवाद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चित नभई, मुआव्जा वा क्षतिपूर्ती वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानू बमोजिम गर्नु पर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान नगराई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ ।उक्त भवन निर्माण कार्य कहां बनाउने भन्ने विषयमा साईटको विवाद भई लेखापरीक्षण अवधिसम्म पनि उक्त निर्माण कार्य शुरु हुन सकेको छैन। अतः निर्माण स्थलको सुनिश्चिता नगरी ठेक्का प्रक्रिय अघि बढाई संझौता गर्ने पदाधिकारीहरुलाई कानून बमोजिम जिम्मेवार बनाई यथासक्य समस्याको समाधान गरी निर्माण कार्य संझौता बमोजिम गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३८.३</td><td></td><td></td><td>पेश्की जमानत :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३)(४)बमोजिम पेश्की जमानतको मान्य अवधि खरिद संझौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नु पर्ने अवधि भन्दा कम्तिमा १ महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ ।निर्माण व्यवसायीले पेश गरेको पेश्की जमानतको म्याद २०७९।५।१७ मै समाप्त भैसकेकोले उक्त पेश्की जमानतको म्याद थप गर्नु पर्ने रु.</td><td>८,४००,०००</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>बहाल कर कट्टी नगरेको:<br>कार्यालय प्रयोजनका लागि गाडी भाडामा लिने सम्बन्धमा सम्झौता गरी भुक्तानी दिँदा तपसिलमा उल्लेखित व्यक्तिहरुलाई १० प्रतिशत बहाल कर कट्टी गर्नुपर्नेमा २।५ प्रतिशत मात्र कर कट्टी गरी भुक्तानी भएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भौ।नं।मिति</th><th>व्यक्तिको नाम</th><th>प्रयोजन</th><th>जम्मा रकम</th><th>कर कट्टी गरेको रकम (२.५प्रतिशत)</th><th>छुट रकम (७.५ प्रतिशत)</th></tr>
<tr><td>४९९।२०७९।३।१२</td><td>दिपक लुहार</td><td>जनप्रतिनिधि ओसारपसार</td><td>१७०००</td><td>४२५</td><td>१२७५</td></tr>
<tr><td>५६४।२०७९।३।२१</td><td>कैलाश बहादुर खड्का</td><td>कार्यालय प्रयोजन</td><td>८५०००</td><td>२१२५</td><td>६३७५</td></tr>
</table></td><td>७,६५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ७६५० | |
| ४० | | | **जिन्सी व्यवस्थापनः**<br>जिन्सी सामानहरुको व्यवस्थापन सम्बन्धमा पाम्स अनुसार एकीकृत अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतका वडाहरुले दैनिक कार्य संचालनका लागि आवश्यक पर्ने कार्यालय संचालनका मालसामान खरीद तथा अन्य प्रशासनिक खर्चहरु गरिसकेपछि बिल भर्पाईसहित पालिकामा पेश गरी भुक्तानि लगेको देखिन्छ। तर वडाले कार्यालय संचानलका लागि आवश्यक मालसामानहरु जस्तै फोटोकपी पेपर, टोनर, फर्निचर ल्यापटप लगायतका सामानहरु वडा आफैले खरिद गर्ने तथा सोको दाखिला समेत वडामा मात्र हुने र पालिकाको जिन्सी अभिलेखमा उक्त खरिद गरिएका सामानहरुको विवरण उल्लेख नगरेको देखिएको छ। साथै लेखापरीक्षको क्रममा वडाको जिन्सी किताब माग गरी परीक्षण गर्दा वडाले नखप्ने सामानहरु दाखिला गर्ने गरेको समेत देखिएन । जसबाट वडाबाट खरिद भएका भनी भुक्तानीका लागि पालिकामा पेश भएको विल तथा दाखिला विवरण यथार्थ हुन भन्न सकिने अवस्था समेत रहेन । तसर्थ यस सम्बन्धमा पालिकाले जिन्सी सामाग्रीहरुको खरिद दाखिला सामान बुझेको भर्पाई जस्ता विवरण अद्यावधिक गर्नुका साथै आवश्यक कार्बाही गरी वडाबाट खरिद भएका सामानहरुको यथार्थता यकिन हुनुपर्दछ ।अतः जिन्सी सामाग्रीहरुको खरिद व्यवस्थापनलाई व्यवस्थित बनाउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ। | |
| ४१ | | | **प्रमाण पेश गर्नुपर्नेः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छभौ।नं।३५९।२०७८।१२।२४ बाट कक्षा १ देखि ८ सम्मको स्थानिय पाठ्यक्रम निर्माण का लागि कार्यालयले विकास केन्द्र सिलगडी डोटी सँग रु ५००००० को २०७९।०१।१३ सम्म कार्यसम्पन्न गर्नुपर्ने गरी सम्झौता गरेको छ।जसमा प्रथम पटक सम्झौताको ३३ प्रतिशत भुक्तानी गर्ने र पाठ्यक्रम निर्माण गरिसकेपश्चात ६७ प्रतिशत भुक्तानी दिने भनी सम्झौता भएकोमा कार्यालयले प्रथम पटक ५० प्रतिशत हुन आउने रु २५०००० भुक्तानी गरेको देखिन्छ। कार्यसम्पन्न हुनुपर्ने मिति २०७९।१।१३ सम्म पनि उक्त सामुदायिक विकास केन्द्रले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यालयमा पेश गरेको नदेखिएकोले पाठ्यक्रनिर्माणको प्रमाण पेश गर्नुपर्ने रु | २५०,००० |
| ४२ | | | **पेस्की बाँकीः** | ३२०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की प्रयोजन सम्पन्न मितिले २१ दिन भित्र फस्र्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार कामको लागि पेश्की दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फस्र्यौट हुन नसकी पेश्की बाँकीको विवरण कायम गरेको रकम नियमानुसार फस्र्यौट हुनुपर्ने रु
<table>
<tr><th>सि। नं।</th><th>भौ। नं। मिति</th><th>फर्म। पदाधिकारी</th><th>प्रयोजन</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>२१३। २०७८। ११। ०८<br>२६४,२०७८। ११। २६</td><td>सालिभान थापा</td><td>बिमा तथा नवीकरण</td><td></td><td>३२००००</td></tr>
<tr><td>२</td><td>१,२०७८। ०४। ०१</td><td>अनमोल निर्माण सेवा</td><td></td><td>१५५००००</td><td></td></tr>
<tr><td>३</td><td>१। २०७८। ४। १</td><td>आर। डि। भैरव शक्ति जे। भि।</td><td></td><td>२०००००</td><td></td></tr>
<tr><td>४</td><td>३। २०७८। ६। १७</td><td>अनमोल निर्माण सेवा</td><td></td><td>२५००००</td><td></td></tr>
<tr><td>५</td><td>२६। २०७८। ११। ८</td><td>भैरव शक्ति निर्माण सेवा</td><td></td><td>८१६०००</td><td></td></tr>
<tr><td>६</td><td>२७। २०७८। ११। ८</td><td>भैरव शक्ति निर्माण सेवा</td><td></td><td>३५८०००</td><td></td></tr>
<tr><td>७</td><td>१४। २०७८। ११। ८</td><td>जय भवानी कन्स्ट्रक्सन</td><td></td><td>६०००००</td><td></td></tr>
<tr><td>८</td><td>४३। २०७८। १२। १०</td><td>अनमोल निर्माण सेवा</td><td></td><td>६०००००</td><td></td></tr>
<tr><td>९</td><td>१। २०७८। ४। १</td><td>नेपाल विद्युत प्राधिकरण दिपायल वितरण केन्द्र</td><td></td><td>४०००००</td><td></td></tr>
<tr><td>१०</td><td>१। २०७८। ४। १</td><td>भैरव शक्ति निर्माण सेवा</td><td></td><td>२६००००</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>५०३४०००</td><td>३२००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>स्थानीय भत्ता कट्टी नगरेकोः</td><td>४२,६२१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भ्रमण भत्ता नियमावली, २०६४ को नियम ७ को उपनियम ११ अनुसार सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ। निम्न कर्मचारीहरुले एउनै अवधिमा स्थानीय एवं भ्रमण भत्ता लिएकोले नपाउने स्थानीय भत्ता सम्बन्धित कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि।न।</th><th>नाम थर</th><th>पद</th><th>स्थानीय भत्ता प्रति दिन</th><th>अवधि</th><th>असुल रकम</th></tr>
<tr><td>१</td><td>नवराज सापकोटा</td><td>प्रमुख प्रशासकीय अधिकृत</td><td>१३१</td><td>७५</td><td>९८२५</td></tr>
<tr><td>२</td><td>दिपक कार्की</td><td>लेखापाल</td><td>१०७</td><td>१२</td><td>१२८४</td></tr>
<tr><td>३</td><td>मदन बहादुर खड्का</td><td>सहायक चौथों</td><td>९२</td><td>२५</td><td>२३००</td></tr>
<tr><td>४</td><td>कुमारी शोभा खरेल</td><td>सहायक चौथों</td><td>९२</td><td>११</td><td>१०१२</td></tr>
<tr><td>५</td><td>नवीन भाट</td><td>अधिकृत</td><td>१३१</td><td>५३</td><td>६९४३</td></tr>
<tr><td>६</td><td>पुष्कर राज विनाडी</td><td>सहायक चौथो</td><td>९२</td><td>१८</td><td>१६५६</td></tr>
<tr><td>७</td><td>हरि प्रसाद जोशी</td><td>सहायक पाँचौ</td><td>१०७</td><td>६४</td><td>६८४८</td></tr>
<tr><td>८</td><td>ब्रह्मदेव महतो</td><td>सहायक पाँचौ</td><td>१०७</td><td>१०</td><td>१०७०</td></tr>
<tr><td>९</td><td>स्यानु बुडाएर</td><td>सहायक पाँचौ</td><td>१०७</td><td>३३</td><td>३५३१</td></tr>
<tr><td>१०</td><td>हिरा साउद</td><td>सहायक चौथो</td><td>९२</td><td>३०</td><td>२७६०</td></tr>
<tr><td>११</td><td>विस्ना कुमारी ओझा</td><td>सहायक चौथो</td><td>९२</td><td>४०</td><td>३६८०</td></tr>
<tr><td>१२</td><td>जंग बहादुर साउद</td><td>सहायक पाँचौ</td><td>१०७</td><td>१६</td><td>१७१२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४२६२१</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>आन्तरिक लेखा परीक्षणबाट देखिएको बेरुजुः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४.१</td><td></td><td></td><td>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। तपसिलमा उल्लेखित भौचरहरुबाट आवश्यक प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>सि।नं।</th><th>भौ।नं।मिति</th><th>बेरुजु व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१७४</td><td>वडा अध्यक्ष गोरख बहादुर सार्कीले योजना माग गर्न भौतिक पूर्वाधार मन्त्रालय गएवापतको दैनिक भ्रमण भत्ता बुझेकोमा भ्रमण प्रतिवेदन पेश नभएकोले भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने</td><td>१०५००</td></tr>
<tr><td>२</td><td>१४०।२०७८।०९।१८</td><td>डोटी बहिरा संघलाई प्रशिक्षक भत्ता सहित खाजा खर्च गरी भएको भुक्तानीमा कार्यक्रम सम्पन्न प्रमाण संलग्न नदेखिएकोले सम्पूर्ण प्रमाण पेश गर्नुपर्ने</td><td>२९७००</td></tr>
<tr><td>३</td><td>४३।२०७८।११।२६</td><td>डोटी मिडिया प्रालि को नाममा सूचना प्रकाशन वापत रकम भुक्तानी भएकोमा पालिका र मिडिया बिचको सम्झौता पेश गर्नुपर्ने</td><td>६७२३५</td></tr>
<tr><td>४</td><td>४५।२०७८।११।२६</td><td>पाइप खरिद वापतको दिव्यज्योति सप्लायर्सको नाममा भएको भुक्तानीमा पाइप खरिद बिल जिन्सी दाखिला प्रतिवेदन र वितरण भर्पाई पेश गर्नुपर्ने</td><td>५००००</td></tr>
<tr><td>५</td><td>१४२।२०७९।०३।०६</td><td>छाँया तिखे ढुगां फलफुल घेरावार योजनाको सम्पुर्ण कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने</td><td>१३५४२६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२९२८६१</td></tr>
</table></td><td>२९२,८६१</td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>भौ।नं।३४३ मिति २०७८।१२।२४ बाट कार्यालय सहयोगी खगी थापालाई मिति २०७८।१२।१० देखि २०७८।१२।१६ सम्म दैनिक भ्रमण आदेश र विल अनुसार दोहोरो भ्रमण भत्ता भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने रु २९०० र भौ।नं।१४४।२०७८।०९।१९ बाट मिति २०७८।०४।२३ गतेको स्वास्थ्य समीक्षा बैठकमा २८ जनाको उपस्थितिमा ५८ जनालाई खाजा खुवाएको बिल पेश बढी भएकोले बढी भुक्तानी रकम प्राप्त शिवराज जोशीबाट असुल हुनुपर्ने २२५० गरी जम्मा असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>५,१५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>सोझैं खरिदः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावली को नियम३१(१) मा रु.२०लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुलाबोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। बर्षभरी आवश्यक पर्ने यस्तासामानको खरिदप्याकेज बनाई आवश्यक परेको बखत आपूर्ति गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा टुक्रा टुक्रा पारी खरिद गर्नु नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>भौ।नं।मिति</th><th>खरिद विवरण</th><th>भुक्तानी पाउने</th><th>रकम</th></tr>
<tr><td>२९।२०७८।०६।१८</td><td>कार्यालय मसलन्द सामाग्री</td><td>गौतम इन्टरप्राइजेज</td><td>३२४९८८</td></tr>
<tr><td>५६।२०७८।०८।०७</td><td>कार्यालय मसलन्द सामाग्री</td><td>गौतम इन्टरप्राइजेज</td><td>१५२६१७</td></tr>
<tr><td>८२।२०७८।०८।०९</td><td>कार्यालय मसलन्द सामाग्री</td><td>गौतम इन्टरप्राइजेज</td><td>१९१८७४</td></tr>
<tr><td>जम्मा (१)</td><td></td><td></td><td>६६९४७९</td></tr>
<tr><td>२६९।२०७८।११।२६</td><td>कार्यालय मसलन्द सामाग्री</td><td>थ्यान्क्यु बिजनेस</td><td>४९५१६६</td></tr>
<tr><td>३२०।२०७८।१२।२२</td><td>कार्यालय मसलन्द सामाग्री</td><td>थ्यान्क्यु बिजनेस</td><td>९४९२०</td></tr>
<tr><td>जम्मा (२)</td><td></td><td></td><td>५९००८६</td></tr>
<tr><td>६०२।२०७९।३।२३</td><td>कार्यालय मसलन्द सामाग्री</td><td>हिरा ट्रेर्डस एण्ड जनरल सप्लायर्स</td><td>४५२६७९</td></tr>
<tr><td>३१७।२०७८।१२।२२</td><td>कार्यालय मसलन्द सामाग्री</td><td>हिरा ट्रेर्डस एण्ड जनरल सप्लायर्स</td><td>२६८८२७</td></tr>
<tr><td>जम्मा (३)</td><td></td><td></td><td>७२१५०६</td></tr>
<tr><td>जम्मा (१+२+३)</td><td></td><td></td><td>१९८१०७१</td></tr>
</table></td><td>१,९८१,०७१</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>कृषि तथा पशु तर्फ अनुदान र अनुदानको अनुगमनः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | सार्वजनिक नियकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने नियकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर गाउँपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपुँजी तथा अनुदानमा पालिकाबाट वितरण भएको अनुदानकोसहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गर्नुपर्दछ अनुदान सम्बन्धमा स्थानीय नीति तय गर्नुपर्दछ । सरकारी अनुदान रकम वितरण,सहयोग सही एवम समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवम् अनुमोदन हुनु पर्दछ र सो को प्रभावकारी मापन गर्ने संयन्त्र विकास गरी उत्पादन एवम उत्पादकत्व वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन तयार गर्नुका साथै अनुदान वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नु पर्दछ ।यस वर्ष पालिका को समानीकरण चालु सशर्त चालु शिर्षकबाट संचालित व्यक्तिगत समुहगत अनुदानका केही मुख्य कार्यक्रमहरु देहाय वमोजिम छन्<br><br>अनुदान विवरण / अनुदान प्राप्त फर्म संस्था समुह / अनुदान खर्च रकम<br>बाखा पकेट विकास कार्यक्रमका लागि (बाखा) / लगनशील महिला साना किसान कृषि सहकारी संस्था लि / ७०००००<br>पोल्ट्री फार्म सुधार का लागि / दाजुभाई पोल्ट्री फार्म, सहारा पोल्ट्री तथा बाखा फार्म, रोहित पोल्ट्री व्यवसायिक फार्म, शैलेश्वरी पशुपन्छी तथा कृषि फार्म, करुणा कृषि तथा पशुपन्छी फार्म, सितल बाखा विकास फार्म (रु ५० हजारका दरले) / ३०००००<br>साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम(आलु) / सिर्जनशील महिला बहुउद्धेश्यीय सहकारी / ४०००००<br>साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम (तरकारी) / लगनशील महिला साना किसान कृषि सहकारी संस्था / ४०००००<br>जम्मा / / १८०००००<br><br>यसबाट देखिएको व्यहोराहरु यसप्रकार छन्(क) अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा स्थानीय तहवाट अनुगमन भएतापनि अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । संचालित कार्यक्रमको कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवद्धन केन्द्र,कृषि विभाग तथा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयवाट समेत अनुगमन तथा मुल्याङकन कार्य हुने उल्लेख भएकोमा अनुगमन तथा मुल्याङकन भएको पाइएन ।अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको प्रतिफल प्राप्त | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नहुने हुँदा ठुला अनुदानका कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित गरी कृर्षि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो( संघ,प्रदेश, स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ।<br>( ख) कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानको कार्यक्रम संचालन गर्दै आएको छ । पालिकाले कृषि क्षेत्र तथा पशुक्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र संचालन गरेको देखियो ।तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुनेअनुदानमा दोहोरोपना नहुने गरी अनुदान ग्राहीको जिवनस्तरमा सुधार आएको एकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ। | |
| ४७ | | | **सशर्त कार्यक्रम शिक्षा** | |
| ४७.१ | | | **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) :** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७८।७९) मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धीत विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Cornerव्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-10 प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.500। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.2५0। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम IEMISडाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ । | |
| ४७.२ | | | **तलवी प्रतिवेदन-** पालिकाले सामुदायिक विद्यालयहरुका शिक्षकको विद्यालय कितावखानाबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नु पर्नेमा तलवी प्रतिवेदन पारित नगराइ खर्च लेखेको छ । यसबाट तलव भत्ता र ग्रेड रकम भिडान गर्न सकिएन । तलवी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७.३</td><td></td><td></td><td>शिक्षक अभिलेख–शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार शिक्षा विभाग समावेशी शिक्षा शाखाबाट प्रमाणित गरी पठाएको दरबन्दी विवरणका आधारमा शिक्षकहरुको अभिलेख अद्यावधिक गरी शिक्षक एवं कर्मचारीहरुको तलब भत्ता लगायतका रकम विद्यालयगत रुपमा यकिन गरी खर्च लेख्नुपर्ने उल्लेख छ । तर पालिकाले विद्यालयगत रुपमा शिक्षककहरुको स्थायी, अस्थायी एवं राहत दरबन्दी विवरण अद्यावधिक गरको पाइएन । साथै पालिकाले यसवर्ष कुन कुन विद्यालयमा के कति शिक्षकहरुको नयाँ नियुक्ति, सरुवा, बढुवा, अवकास एवं बेतलबी बिदामा छन् सोको अद्यावधिक विवरण लेखापरीक्षणमा पेस नगरेकोले विद्यालयको तलबी माग फारामलाई नै आधार मानी तलब निकासा भिडान गरिएको छ । जसले गर्दा तलब निकासा रकम यथार्थपरक एवं दुरुस्त छ भनी आश्वस्त हुन सकिएन</td><td></td></tr>
<tr><td>४७.४</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४ सामुदायिक विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात तोकिएको सीमाभित्र नभएको, शिक्षक दरबन्दी मिलान नगरेको, शिक्षक दरबन्दी र पदपूर्तिको आवधिक मूल्याङ्कन, मूल्याङ्कन बमोजिम विद्यालयगत दरवन्दी सिर्जना तथा स्वीकृत दरवन्दी अनुसार पदपूर्ति गरेको देखिएन । तिन विद्यालयमा शिक्षकको पदपूर्ति रिक्त रहेको तथा १ विद्यालयमा २ जना शिक्षक रहेकोमा विद्यार्थि संख्या न्यून देखिएकोले उक्त विद्यालयहरुलाई एक आपसमा गाभि (मर्ज) गरिनु पर्दछ ।
<table>
<tr><td>विद्यालयको नाम</td><td>शिक्षक संख्या</td><td>विद्यार्थि संख्या</td></tr>
<tr><td>शारदा आ.वि ओखट्टे</td><td>२</td><td>१८</td></tr>
<tr><td>भवानी आ.वि न्वाघर</td><td>०</td><td>१५५</td></tr>
<tr><td>जनज्योती ब.वि. ग्वानी</td><td>०</td><td>५४</td></tr>
<tr><td>तेडी आ.वि.लुसाकोट</td><td>०</td><td>११३</td></tr>
</table></td><td></td></tr>
<tr><td>४७.५</td><td></td><td></td><td>विद्यालयगत निकासा खर्च खाता- पालिकाले यस वर्ष विभिन्न शिर्षकहरुमा विद्यालयलाई निकासन दिएको रकम विद्यालयगत निकासा खर्च खाता राख्नु पर्नेमा नराखेकोले कर्मचारी, वालविकास अनुदान, प्रशासनीक खर्च, सामाजिक परीक्षण अनुदान, बुक कर्नरको तथा प्रतिविद्यार्थि सिकाई अनुदानको निकासा कार्यक्रम कार्यान्वय पुस्तिका अनुसार भए नभएको भिडान गर्न सकिएन । विद्यालयहरु लाई दिएको शिर्षकगत निकासा खाता अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.६ | | | **निशुल्क पाठ्यपुस्तक तथा छात्रवृत्ति**- गाउपालिकाले ३२ वटा सामुदायसक विद्यालयलाई कार्यक्रम कार्यान्यिन पुस्तिकामा उल्लेख भए बमोजिम विद्यार्थिक भर्ना तथा एम आईएस प्रतिवेदन अनुसार निःशुल्क पाठ्यपुस्तक वितरण गर्न रु.३५३६९९९।०० र छात्रवृत्रि वितरण गर्न रु.१४८८४०० गरी रु.५०२५३९९।०० निकासा दिएको देखिन्छ । विद्यालयहरुले उक्त रकम सम्वन्धित विद्यार्थिहरुलाई वितरण गरे नगरेको र विद्यार्थिहरु परीक्षामा उपस्थित भएको संग भिडान गर्नु पर्नेमा सो सम्वन्धि उपलव्ध भएन । अतः पालिकाले अनुगमन गरी प्रतिवेदन लिइ कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार गर्नु पर्दछ । | |
| ४८ | | | **पदाधिकारी सुविधाः**<br>नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ जारी गरेको छ ।उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहायबमोजिम रु.४३,६१,५०० सुविधा वापत भुक्तानी भएको छ। | |
| ४९ | | | बेरुजुको लगत र सम्परीक्षण<br>**क) सम्परीक्षण** : सुदूरपश्चिम प्रदेशको आार्थिक कार्यविधि ऐन, २०७४ को नियम ३८ बमोजिम अन्तिम लेखापरीक्षणबाट औंल्याईएको बेरुजु असुल, नियमित तथा सम्परीक्षण गरी फस्यौंट गर्नु पर्ने जिम्मेवारी सम्वन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । पालिकाले बेरुजु सम्परीक्षणको लागि अनुरोध गरेको छैन । अत : पालिकाले बेरुजुहरु नियमानुसार फस्यौंट गर्नु पर्दछ ।<br>**(ख) अद्यावधिक बेरुजु स्थिति** : यस पालिकाको आव २०७८।७९ सम्मको फस्यौंट गर्न बांकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ४६०६३ | ० | ४८१७९ | ० | ९४२४२ |